# इस्लामीय विधानको अनोठो परिपूर्णता र बिदअतको हानि

(नेपाली)

लेखकः

शैख मुहम्मद बिन सालेह अल् उसैमीन

अनुवादकः

अतीकुरहमान मुहम्मद इदरीस खान मक्की

# الإبداع في كمال الشرع وخطر الابتداع

الشيخ محمد بن صالح العثيمين

ترجمة:

عتيق الرحمن محمد إدريس خان مكي

بسم الله الرحمن الرحيم

﴿ ٱدۡعُ إِلَىٰ سَبِيلِ رَبِّكَ بِٱلۡحِكۡمَةِ وَٱلۡمَوۡعِظَةِ ٱلۡحَسَنَةِۖ وَجَٰدِلۡهُم بِٱلَّتِي هِيَ أَحۡسَنُۚ ﴾ النحل: ١٢٥

अर्थ : (हे पैगम्बर !) मानिसहरूलाई बुद्धिमत्ता र असल उपदेशले आफ्नो पालनकर्ताको बाटोतिर बोलाउनुस् र सधै राम्रो तरिकाले तिनीहरूसित कुरा र प्रतिउत्तर गर्नुस्।

**सर्वाधिकार अनुवादकमा सुरक्षित छ ।**

प्रथम प्रकाशन साल सन् २०१५ ई. सं.
निःशुल्क वितरणको लागि मात्र

**पुस्तक पाइने ठेगाना -:**

इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७९८१९४३७७५८
सउदी नं. ००९६६५०१३७२२५४
इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# अनुवादकको भनाई

बिस्मिल्लाहिर्रहमानिर्रहीम

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले यस संसारलाई उत्पन्न गऱ्यो, र यसमा बसोबास गर्नुको लागि नानाथरीका प्राणीहरूलाई अविष्कृत गऱ्यो, र जसले हाम्रो हृदयलाई आफ्नो सत्मार्गतर्फ लगाइदियो, र आफ्नो श्रद्धा एवं प्रेम र आदरबाट परिपूर्ण गरिदयो । र म गवाही दिन्छु कि त्यस अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एकलै छ, त्यसको कोही सहभागी छैन, यस्तो पूज्य जसको पूजा प्रत्येक हृदय प्रेम श्रद्धा र आदरको साथ गर्छ, र जसतर्फ समस्त प्राणीहरू आशान्वित र भयभीत भई शरण लिन्छन् । र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देष्टा र मित्र हुनुको साथै मनोनीत दूत र त्यसको प्रकाशना (वह्य) को धरोहरी पनि हुन् । जहाँलाई अल्लाहले सन्देष्टाहरूको आगमनक्रकको अन्तराल पश्चात पठायो, ताकि समस्त मानवजातिलाई वासना र हवस पूजाबाट बचाएर धरती आकाशको स्रष्टासित संलग्न गरुन् । यसर्थ मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम समस्त मानवजातिका नायक थिए, र उहाँको निमन्त्रण समस्त सृष्टिको लागि दया र मार्गदर्शन थियो, र समस्त संसारको लागि शुभसमाचार हुनुको साथै समस्त शोषित र अपमानितहरूको लागि स्वतन्त्रता पनि थियो । तसर्थ अल्लाहको नगन्य शान्ति र दया अवतरित होस् मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि, र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती सबैहरूमाथि जुन प्रलयसम्म उहाँको पद्धतिमा हिंड्ने छन् ।

तपाईलाई थाहै होला कि हाम्रो देश नेपाल एउटा गैर मुस्लिम राष्ट्र हो, जहाँ मुसलमानहरू अति कम संख्यामा छन्, र कम संख्यामा भए पनि कतिपय मुसलमानहरू बिदअतमा लिप्त छन्, र केही यस्ता पनि छन् जुन बिदअतहरूलाई मुसलमानहरू बीच प्रचलित गर्दै आएका छन् । र यो किताब जसलाई सउदीका महान विद्वान शैख सालेह अल् उसैमीनले लेख्नु भएको छ यसमा बिदअतको हानिकारकतालाई प्रष्ट

पारिएको छ, र यो पनि कि हाम्रो धर्म इस्लाम परिपूर्ण छ यसमा कुनै प्रकारको थपघटको गुन्जाइश छैन । त मैले यसलाई हाम्रो नेपाली समाजको लागि उपयोगी हुन्छ र यसबाट बिदअतको अन्त्य हुन्छ यस्तो धारणा र लक्ष्यको साथ अनुवाद गरेको छु। मेरो अल्लाहसित प्रार्थना छ कि अल्लाह आफ्नो दयाले मलाई मेरो लक्ष्यमा सफल पारुन् साथै पाठकवर्गसित पनि सादर अनुरोध गर्दछु कि यस अनुवादमा कुनै त्रुटि भेटिएमा निम्नको ठेगानामा त्यस त्रुटितर्फ हाम्रो ध्यानाकर्षण गराइदिएमा तपाईको आभारी हुनेछु ।

र मलाई आशा छ कि मेरो यो सानो प्रयासबाट जनसमुदायलाई लाभ पुग्नेछ र अल्लाह मेरो यस सानो प्रयासद्वारा हाम्रो समाजलाई अवैधानिक कार्यबाट पवित्र गर्नेछ। अल्लाहसित विन्ती छ कि अल्लाह मेरो यस प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन्, र मेरो स्वर्गीय आमा र बाजेलाई क्षमादान दिई स्वर्गमा उच्च स्थान प्रदान गरुन् । (आमीन)

**अनुवादक**
**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**
**तौलिहवा कपिलवस्तु (नेपाल)**
email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१९४३७७५८**
**सउदी मो. न. ००९६६५०१३७२२५४**

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन्, हामी अल्लाहको नै प्रशंसा गर्दछौं र त्यसैसित सहायता चाहन्छौं, र त्यसैसित प्रयाश्चित गर्दछौं, र त्यसको श्रण चाहन्छौं आफ्ना जीउ र क्रियाकलापको अशुद्धि र बुराईबाट, र जसलाई अल्लाह मार्गदर्शित गरिदिन्छ त्यसलाई कोही पथविचलित गर्न सक्दैन, र जसलाई त्यो पथविचलित गरिदेओस् त्यसलाई कोही पथप्रदर्शित गर्न सक्दैन ।

र म गवाही दिन्छु कि अल्लाह बाहेक कोही सत्य पूज्य छैन त्यो एकलै छ त्यसको कोही सहभागी छैन, र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त र सन्देष्टा हुन् । अल्लाहले उहाँ सल्लल्लाहो अलैहे वसल्लमलाई सत्य धर्म र मार्गदर्शन दिएर पठायो, अनि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो कर्तव्यको पालना गरे, र आफूलाई प्रदान गरिएको निर्देशनलाई सबै समक्ष पुऱ्याए, र आफ्ना अनुयायीहरूलाई सद्उपदेश दिदैरहे, र अल्लाहको मार्गमा कार्यरत र संघर्षरत रहीरहे यहाँसम्म कि उहाँको स्वर्गबास भयो । तसर्थ उहाँ सल्लल्लाहो अलैहे वसल्लमले आफ्ना अनुयायीहरूलाई यस्तो प्रकाशित मार्गमा छाडेर गए जसको रात्री पनि दिन समान छ, र त्यसबाट त्यो नै मुख फर्काउँछ जुन विनष्ट हुनेवाला हुन्छ । रसूल सल्लल्लाहो अलैहे वसल्लमले ती समस्त कुराहरूलाई स्पष्ट पारिदिएका छन् जसको आवश्यकता उहाँका अनुयायीहरूलाई जीवनको कुनै पनि क्षेत्रमा पर्न सक्छ । जस्तोकि अबू जर गेफारी रजिअल्लाहो अन्होको वर्णन छ कि:

"ما ترك النبي صلى الله عليه وسلم طائرا يقلب جناحيه في السماء إلا ذكر لنا منه علما "

(رواه الإمام أحمد: 21689,21770,21771 )

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले यदि आकाशमा उडने पंक्षी पनि छ र त्यसको बारेमा कुनै ज्ञान छ भने त्यसलाई पनि वर्णन गर्न छाड्नु भएका छैन । ( अहमद हदीस नं. २१६८९, २१७७०, २१७७१ )

र बहुदेववादीहरू मध्ये जब एउटा मान्छेले सलमान फारसी रजिअल्लाहो अन्होसित भन्यो:

"علمكم نبيكم حتى الخراة – آداب قضاء الحاجة – قال: نعم, لقد نهانا أن نستقبل القبلة بغائط أو بول أو أن نستنجي بأقل من ثلاثة أحجار, أو أن نستنجي باليمين أو أن نستنجي برجيع أو عظم " (رواه مسلم: كتاب الطهارة, باب الاستطابة 262 )

अर्थ : तिमीहरूको नबी (सन्देष्टा) तिमीहरूलाई दिशा पिशाब गर्ने तरिका पनि सिकाउँछ हैनर ? त हजरत सलमान फारसी रजिअल्लाहो अन्होले भन्नु भयोः हो, सिकाउँछन्, र हामीलाई किब्ला (बैतुल्लाह) तर्फ मुख गरेर दिशा पिशाब गर्नुबाट मनाही पनि गरेका छन्, र हामीलाई तीन ढुंगाभन्दा कमद्वारा इस्तिन्जा गर्नुबाट रोकेका छन्, (पिशाब गरे पश्चात त्यसलाई ढुंगा माटोको डल्लोबाट वा पानीबाट स्वच्छ गर्ने कार्यलाई इस्तिन्जा भनिन्छ) र यस्तै दायाँ हातबाट लिंगलाई समातेर पिशाब गर्नुबाट रोक लगाएका छन्, र गोबर एवं हड्डीद्वारा इस्तिन्जा गर्नुबाट पनि मनाही गरेका छन् । ( मुस्लिम किताबुत्तहारा बाबुल् इस्तिताबा हदीस नं. २६२ )

र तपाई यस कुरआनलाई हेर्नुहुन्छ कि अल्लाहले यसमा यस धर्म इस्लामका मूल आधारहरूलाई र यस धर्मसित संलग्न समस्त कुरा र निर्देशनहरूलाई वर्णन गरेको छ, तसर्थ एकेश्वरवादलाई त्यसका समस्त थरीहरूसहीत वर्णन गरेको छ, र समस्त कुरालाई वर्णन र स्पष्ट गरेको छ, यहाँसम्म कि समाजमा बस्ने तरिका र अनुमति लिने तरिकालाई पनि छाडेको छैन बरु समस्तलाई वर्णन गरेको छ। जस्तोकि अल्लाहको फर्मान छ :

﴿ يَـٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُوٓاْ إِذَا قِيلَ لَكُمْ تَفَسَّحُواْ فِى ٱلْمَجَـٰلِسِ فَٱفْسَحُواْ يَفْسَحِ ٱللَّهُ لَكُمْ ﴾ المجادلة: ١١

अर्थ : मोमिनहरू (आस्थावानहरू) ! जब तिमीहरूलाई भनिन्छ कि सभामा ठाउँ फराकिलो पार त फराकिलो गरी बस। अल्लाहले तिमीलाई फराकिलोपना प्रदान गर्नेछ। ( सूरतुल् मुजादिला ११ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ لَا تَدۡخُلُواْ بُيُوتًا غَيۡرَ بُيُوتِكُمۡ حَتَّىٰ تَسۡتَأۡنِسُواْ وَتُسَلِّمُواْ عَلَىٰٓ أَهۡلِهَاۚ ذَٰلِكُمۡ خَيۡرٞ لَّكُمۡ لَعَلَّكُمۡ تَذَكَّرُونَ ٢٧ فَإِن لَّمۡ تَجِدُواْ فِيهَآ أَحَدٗا فَلَا تَدۡخُلُوهَا حَتَّىٰ يُؤۡذَنَ لَكُمۡۖ وَإِن قِيلَ لَكُمُ ٱرۡجِعُواْ فَٱرۡجِعُواْۖ هُوَ أَزۡكَىٰ لَكُمۡۚ وَٱللَّهُ بِمَا تَعۡمَلُونَ عَلِيمٞ ٢٨ ﴾ النور: ٢٧ - ٢٨

अर्थ : हे मोमिनहरू (आस्थावानहरू) ! आफ्ना घरहरू बाहेक अरुको घरमा प्रवेश नगर जबसम्म कि अनुमति प्राप्त गर्दैनौ, र त्यसमा बस्नेहरूलाई सलाम गर्ने गर । यही नै तिम्रो निम्ति उत्तम छ, यसकारण कि तिमीले ध्यान राख । यदि तिमीले घरमा कसैलाई उपस्थित पाउँदैनौ भने जबसम्म तिमीलाई अनुमति दिइन्न, त्यसमा प्रवेश नगर, र यदि यो भनिन्छ कि फर्किहाल भने तिमी फर्किहाल, यही तिम्रो निम्ति राम्रो कुरा हो । जुन काम तिमीले गर्दछौ अल्लाह त्यो सबै जान्दछ । ( सूरतुन्नूर २७,२८ )

र लुगा लगाउने तरिका पनि वर्णन गरेको छ । अल्लाहको फर्मान छ :

﴿ وَٱلۡقَوَٰعِدُ مِنَ ٱلنِّسَآءِ ٱلَّٰتِي لَا يَرۡجُونَ نِكَاحٗا فَلَيۡسَ عَلَيۡهِنَّ جُنَاحٌ أَن يَضَعۡنَ ثِيَابَهُنَّ غَيۡرَ مُتَبَرِّجَٰتِۭ بِزِينَةٖۖ ﴾ النور: ٦٠

अर्थ : र ठूलो उमेरकी स्त्रीहरू जसलाई विवाहको आशा र इच्छा छैन, र उनीहरूले लुगा फुकाएर (टाउको खुला) गर्ने गर्दछिन् भने उनीहरू माथि कुनै दोष छैन, तर यस शर्तमा कि उनीहरूले आफ्नो श्रृंगारको प्रदर्शन गर्ने होइनन् । ( सूरतुन्नूर ६० )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ يَٰٓأَيُّهَا ٱلنَّبِيُّ قُل لِّأَزۡوَٰجِكَ وَبَنَاتِكَ وَنِسَآءِ ٱلۡمُؤۡمِنِينَ يُدۡنِينَ عَلَيۡهِنَّ مِن جَلَٰبِيبِهِنَّۚ ذَٰلِكَ أَدۡنَىٰٓ أَن يُعۡرَفۡنَ فَلَا يُؤۡذَيۡنَۗ وَكَانَ ٱللَّهُ غَفُورٗا رَّحِيمٗا ٥٩ ﴾ الأحزاب: ٥٩

अर्थ: हे पैगम्बर ! आफ्ना पत्नीहरू र आफ्ना छोरीहरू र ईमानवाली स्त्रीहरूसँग भनिदिनुस् कि तिनीहरू आफुमाथि "आफ्ना च्यादर हाल्ने गरुन्" । यसबाट छिटै उनीहरूको (भद्रता)को पहिचान भइहाल्छ र उनले दुःख भोग्नु पर्दैन र अल्लाह बडो क्षमाशील, अत्यन्त दयावान छ । ( सूरतुल् अहजाब ५९ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ وَلَا يَضۡرِبۡنَ بِأَرۡجُلِهِنَّ لِيُعۡلَمَ مَا يُخۡفِينَ مِن زِينَتِهِنَّۚ ﴾ النور: ٣١

अर्थ : र आफ्ना खुट्टाहरू भूईंमा बजारेर नहिड्नु कि उनीहरूको लुकेको श्रृंगार थाहा भइहालोस् । ( सूरतुन्नूर ३१ )

र आर्को ठाउँमा अल्लाहको फर्मान छ :

﴿ وَلَيۡسَ ٱلۡبِرُّ بِأَن تَأۡتُواْ ٱلۡبُيُوتَ مِن ظُهُورِهَا وَلَٰكِنَّ ٱلۡبِرَّ مَنِ ٱتَّقَىٰۗ وَأۡتُواْ ٱلۡبُيُوتَ مِنۡ أَبۡوَٰبِهَاۚ ﴾ البقرة: ١٨٩

अर्थ : र नेकी यो होइन कि तिमी घरहरूको पछाडिबाट प्रवेश गर्ने गर, बरु नेकीवाला त्यो हो जो आत्मसंयमी हुन्छ, र घरहरूमा तिमी मूल ढोकाहरूबाट प्रवेश गर्ने गर । ( सूरतुल् बकरः १८९ )

र यस बाहेक थुप्रै श्लोकहरू छन् जसद्वारा यो कुरो स्पष्ट हुन्छ कि यो इस्लाम धर्म व्यापक र परिपूर्ण छ, यसमा अरु वृद्धिको कुनै आवश्यकता उस्तै छैन जसरी यसमा कमी गर्ने गुन्जाइश छैन । त यसै कारण अल्लाहले पवित्र कुरआनको विशेषता वर्णन गर्दै भनेको छ :

﴿ وَنَزَّلۡنَا عَلَيۡكَ ٱلۡكِتَٰبَ تِبۡيَٰنٗا لِّكُلِّ شَيۡءٖ ﴾ النحل: ٨٩

अर्थ : र हामीले तपाई माथि (यस्तो) किताब उतारेका छौं कि यसमा हरेक कुराको वर्णन बिस्तारपूर्वक छ ।( सूरतुन्नहल ८९ )

त कुनै यस्तो कुरो छैन जसको मान्छेलाई धार्मिक वा संसारिक क्षेत्रमा आवश्यकता होस् र त्यसलाई पवित्र कुरआनमा प्रत्यक्ष अथवा अप्रत्यक्ष र संक्षिप्त अथवा विस्तृत तरिकाले वर्णन नगरिएको होस् ।

हे भाइ ! केही मान्छेहरू अल्लाहको यस कथनको व्याख्यामा गल्ती गर्छन् :

﴿ وَمَا مِن دَآبَّةٍ فِي ٱلۡأَرۡضِ وَلَا طَٰٓئِرٍ يَطِيرُ بِجَنَاحَيۡهِ إِلَّآ أُمَمٌ أَمۡثَالُكُمۚ مَّا فَرَّطۡنَا فِي ٱلۡكِتَٰبِ مِن ﴾ الأنعام: ٣٨

अर्थ : र पृथ्वीमा जति हिंड्ने जीव छन वा उड्ने चराहरू ( प्राणीहरू) छन्, तिनीहरूमा कुनै पनि किसिम यस्तो छैन जुन तिमीहरूको जस्तै समुदायहरू नहोऊन् । हामीले किताबमा लेख्न कुनै कुरा छाडेका छैनौं । ( सूरतुल् अन्आम ३८ )

त यस श्लोकमा भएको शब्द किताबको व्याख्या केही मानिसहरू कुरआनद्वारा गर्छन् जबकि सत्य यो हो कि यसको सही अर्थ र व्याख्या लौहे महफूज हो । र अल्लाहले पवित्र कुरआनको विशेषता यसभन्दा व्यापक र विशिष्ट तरिकाले वर्णन गरेको छ, अल्लाहको फर्मान छ :

﴿ وَنَزَّلۡنَا عَلَيۡكَ ٱلۡكِتَٰبَ تِبۡيَٰنٗا لِّكُلِّ شَيۡءٖ ﴾ النحل: ٨٩

अर्थ : र हामीले तपाई माथि (यस्तो) किताब उतारेका छौं कि यसमा हरेक कुराको वर्णन बिस्तारपूर्वक छ ।( सूरतुन्नहल ८९ )

त यो श्लोक वर्णित श्लोक :

﴿ وَمَا مِن دَآبَّةٍ فِي ٱلۡأَرۡضِ وَلَا طَٰٓئِرٍ يَطِيرُ بِجَنَاحَيۡهِ إِلَّآ أُمَمٌ أَمۡثَالُكُمۚ مَّا فَرَّطۡنَا فِي ٱلۡكِتَٰبِ مِن ﴾ الأنعام: ٣٨

अर्थ : र पृथ्वीमा जति हिंड्ने जीव छन वा उड्ने चराहरू ( प्राणीहरू) छन्, तिनीहरूमा कुनै पनि किसिम यस्तो छैन जुन

तिमीहरूको जस्तै समुदायहरू नहोऊन् । हामीले किताबमा लेख्न कुनै कुरा छाडेका छैनौं । ( सूरतुल् अन्आम ३८ )

भन्दा व्यापक छ ।

तर कुनै मान्छे यो भन्न सक्छ कि पाँचौं बखतको नमाजहरूको संख्या कुरआनमा कता छ र नमाजहरूको रकअतको संख्या कता छ ? तसर्थ यो कुरआन कसरी सत्य हुन्सक्छ जबकि हामी नमाजहरूका रकअतका संखयाहरू कुरआनमा पाउँदैनौं, र कुरआनमा अल्लाहको भनाई छ :

﴿وَنَزَّلْنَا عَلَيْكَ ٱلْكِتَـٰبَ تِبْيَـٰنًا لِّكُلِّ شَىْءٍ﴾ النحل: ٨٩

अर्थ : र हामीले तपाई माथि (यस्तो) किताब उतारेका छौं कि यसमा हरेक कुराको वर्णन बिस्तारपूर्वक छ । ( सूरतुन्नहल ८९ )

त यसको उत्तर यो हो कि : अल्लाहले पवित्र कुरआनमा यो स्पष्ट पारेको छ कि हामीमाथि यो अनिवार्य छ कि जुन रसूल सल्लल्लाहो अलैहे वसल्लमले भनुन् त्यसलाई मानिहालौं, र जसतर्फ हामीलाई मार्गदर्शित गरुन् त्यसैमा हिंडौं । अल्लाहको फर्मान छ :

﴿مَّن يُطِعِ ٱلرَّسُولَ فَقَدْ أَطَاعَ ٱللَّهَ ۖ وَمَن تَوَلَّىٰ فَمَآ أَرْسَلْنَـٰكَ عَلَيْهِمْ حَفِيظًا ﴿٨٠﴾﴾ النساء: ٨٠

अर्थ : जुन मानिसले रसूल (सल्लल्लाहो अलैहे वसल्लम)को आज्ञा पालन गर्दछ, उसैले अल्लाहको आज्ञा पालन गरे सरह मानिन्छ र जसले आज्ञा उल्लंघन गर्दछन् र बिमुख हुन्छन् हे पैगम्बर(स.) ! तपाईलाई यिनीहरू माथि रक्षक बनाई पठाइएको छैन । ( सूरतुन्निसा ८० )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

﴿وَمَآ ءَاتَىٰكُمُ ٱلرَّسُولُ فَخُذُوهُ وَمَا نَهَىٰكُمْ عَنْهُ فَٱنتَهُوا۟ ۚ وَٱتَّقُوا۟ ٱللَّهَ ۖ إِنَّ ٱللَّهَ شَدِيدُ ٱلْعِقَابِ ﴿٧﴾﴾ الحشر: ٧

अर्थ : जे-जति कुरा तिमीलाई पैगम्बरले दिन्छन्, त्यो लिइहाल र जुन कुरोबाट मनाही गर्छन्, त्यसबाट पन्छिनु र अल्लाहसित डर्ने गर, नि:सन्देह अल्लाह कष्टप्रद सजाय दिनेवाला छ । ( सूरतुल् हश्र ७ )

तसर्थ जसलाई सुन्नत वर्णन गरोस् त्यसमाथि कुरआन पनि स्पष्टीकरण गरे सरह छ, किनकि सुन्नत ( रसूल सल्लल्लाहो अलैहे वसल्लमले गरेको भनेको र सहमति प्रदान गरेको कुराहरू ) पनि वह्य (अल्लाहको प्रकाशना) मध्ये एक हो जसलाई अल्लाहले आफ्नो सन्देष्टामाथि अवतरित गरेको छ, र त्यसको ज्ञान उहाँलाई प्रदान गरेको छ । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ وَأَنزَلَ ٱللَّهُ عَلَيۡكَ ٱلۡكِتَٰبَ وَٱلۡحِكۡمَةَ وَعَلَّمَكَ مَا لَمۡ تَكُن تَعۡلَمُۚ وَكَانَ فَضۡلُ ٱللَّهِ عَلَيۡكَ عَظِيمٗا ١١٣ ﴾ النساء: ١١٣

अर्थ : अल्लाह तिमीलाई ग्रन्थ र बुद्धिमता प्रदान गऱ्यो र तिमीलाई ती कुराहरूको ज्ञान दियो जुनकि तिमीलाई थाहा थिएन र तिमीमाथि अल्लाहको ठूलो कृपा छ । ( सूरतुन् निसा ११३ )

त प्रष्ट यो भयो कि जुन कुराहरूको वर्णन हदीस (सुन्नत) मा छ त त्यसको वर्णन अल्लाहको वाणी कुरआनमा भए सरह छ ।

भाइहरू हो ! त जब तपाईहरू समक्ष यो कुरो प्रष्ट भयो, अनि त के यो सोच्न सकिन्छ र भन्न सकिन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो स्वर्गबास हुने समय सम्म अल्लाहको धर्मको कुनै निर्देशनलाई पनि स्पष्ट पार्नु भएन अर्थात त्यसलाई बिना वर्णन गरी स्वर्गबासी हुनु भयो ?

यो कदापि हुन्सक्दैन किनकि नबी (सन्देष्टा) सल्लल्लाहो अलैहे वसल्लमले पूर्ण धर्म इस्लामलाई चाहे भनेर वा आदेश गरेर वा त्यसलाई स्वयम् गरेर अथवा त्यसमाथि सहमति जनाएर वा कुनै प्रश्नको उत्तर दिएर स्पष्ट पारिसकेका छन्, तसर्थ कहिले काहिँ रसूल सल्लल्लाहो अलैहे वसल्लम समक्ष कुनै गाउँले मान्छे आएर धर्मको बारेमा यस्तो कुराहरू बारे यस्तो खालको प्रश्न गऱ्थ्यो जसबारे उहाँ सल्लल्लाहो अलैहे वसल्लमका निकट्तम् साथीहरू प्रश्न गर्दैनथे । यसै कारण उहाँका निकट्तम् साथीहरू यस कुराद्वारा अति प्रसन्न भइहाल्थे,

र उनीहरू यो चाहना गरिरहन्थे कि कुनै गाउँले मान्छे आएर धर्मको बारेमा रसूल सल्लल्लाहो अलैहे वसल्लमसित सोधोस् ।

र अल्लाहको यो कथन यसबारेमा स्पष्टीकरण गर्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले कुनै यस्तो कुरो वर्णन गर्नु छाडेनन् जसको आवश्यकता मानिसहरूलाई उनीहरूको धर्म वा शिष्टाचार अथवा संसारिक क्षेत्रमा पर्नेछ । अल्लाहको फर्मान छ :

﴿ ٱلْيَوْمَ أَكْمَلْتُ لَكُمْ دِينَكُمْ وَأَتْمَمْتُ عَلَيْكُمْ نِعْمَتِي وَرَضِيتُ لَكُمُ ٱلْإِسْلَٰمَ دِينًاۚ ﴾ المائدة: ٣

अर्थ : आज हामीले तिम्रो निम्ति तिम्रो धर्मलाई पूर्ण गरिसकेका छौं र तिम्रा लागि आफ्ना कृपाहरू पूरा गरिसकेका छौं र तिम्रो लागि इस्लाम धर्म रोज्यौ । ( सूरतुल् माइदः ३ )

त जब तपाई समक्ष यो प्रमाणित भयो हे मुसलमान भाइ ! त यो जानिराख ! कि जुन सुकैले पनि यस धर्ममा कुनै नौलो निर्देशन वा पद्धतिको अविष्कार गर्छ चाहे त्यो राम्रो उद्देश्यले किन न अविष्कार गरेको होस्, त त्यसको यो अविष्कृत कार्य पथभ्रष्टता हुनुको साथै अल्लाहको धर्म इस्लाममाथि टिप्पणी गर्नु र लान्छना लगाउनु पनि हो, र अल्लाहको यो कथन :

﴿ ٱلْيَوْمَ أَكْمَلْتُ لَكُمْ دِينَكُمْ وَأَتْمَمْتُ عَلَيْكُمْ نِعْمَتِي وَرَضِيتُ لَكُمُ ٱلْإِسْلَٰمَ دِينًاۚ ﴾ المائدة: ٣

अर्थ : आज हामीले तिम्रो निम्ति तिम्रो धर्मलाई पूर्ण गरिसकेका छौं र तिम्रा लागि आफ्ना कृपाहरू पूरा गरिसकेका छौं र तिम्रो लागि इस्लाम धर्म रोज्यौ । ( सूरतुल् माइदः ३ )

लाई झूठ ठान्नु पनि हो , किनकि यो बिदअती (अविष्कारी) जसले अल्लाहको धर्ममा कुनै नौलो पद्धति अविष्कार गरेको छ जुनकि अल्लाहको धर्म मध्येको होइन त त्यसले यस पद्धतिद्वारा यो भन्न खोजे सरह छ जसले यो भन्न खोजोस् कि अल्लाहको धर्म अपूर्ण छ, किनकि

त्यसमा यो पद्धति र कुरा थिएन जसलाई त्यसले अल्लाहको निकट्ता प्राप्तिको लागि अविष्कार गरेको छ ।

र यो कुरो यस भन्दा आश्चर्यजनक छ कि मान्छे यस्तो बिदअत अविष्कृत गरोस् जुन अल्लाहको अस्तित्व र त्यसका नाम एवं विशेषताहरूसित संलग्न होस्, अनि भनोस् कि यसद्वारा अल्लाहको पवित्रता र महानताको बखान हुन्छ, र त्यो यस दावीमा अल्लाहको यस कथनको पात्र छ :

﴿ فَلَا تَجْعَلُوا لِلَّهِ أَندَادًا وَأَنتُمْ تَعْلَمُونَ ﴿٢٢﴾ ﴾ البقرة: ٢٢

अर्थ : खबरदार ! जानी-जानी कसैलाई अल्लाहको साझेदार नबनाऊ । ( सूरतुल् बकर: २२ )

तसर्थ तपाई यस्तो बिदअतीको दावीमाथि आश्चर्य चकित हुनुहुन्छ कि त्यो अल्लाहको धर्ममा र अल्लाहको अस्तित्वको बारेमा र त्यसको नाम र विशेषताहरूको बारेमा नौलो कुरो पनि अविष्कृत गर्छ र यो दावी पनि गर्छ कि म अल्लाहको यस कथनको अनुशरणकारी पनि छु :

﴿ فَلَا تَجْعَلُوا لِلَّهِ أَندَادًا وَأَنتُمْ تَعْلَمُونَ ﴿٢٢﴾ ﴾ البقرة: ٢٢

अर्थ : खबरदार ! जानी-जानी कसैलाई अल्लाहको साझेदार नबनाऊ । ( सूरतुल् बकर: २२ )

र यो पनि भन्छ कि जसले त्यसको यस कुराको विरोध गऱ्यो त्यो नै अल्लाहको बारेमा र त्यसको नाम एवं विशेषताहरूको बारेमा कुटिलता अपनाउनेवाला छ, र आफ्ना विरोधीहरूलाई नानाथरीका अमानवीय उपाधिहरूबाट नामाकरण गर्छ ।

र यस्तै तपाई केही यस्ता मान्छेहरूमाथि पनि आश्चर्य गर्नुहुन्छ जुन अल्लाहको धर्ममा यस्तो कुराहरू अविष्कृत गर्दछन् जसको संलग्नता रसूल सल्लल्लाहो अलैहे वसल्लमको जात र व्यक्तित्वसित हुन्छ, अनि उनी दावी पनि गर्छन् कि उनी नै वास्तवमा उहाँ सल्लल्लाहो अलैहे वसल्लमसित प्रेम गर्नेवाला हुन्, र उनी मात्रै रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई सम्मान गर्दछन्, र जसले पनि यस कुरामा उनीहरूको समर्थन नगरी विरोध गर्छ त्यो रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई अप्रिय ठान्नेवाला भयो र यसखालका अरु अनैतिक

र अमानवीय उपाधिहरूद्वारा उनीहरूलाई नामाकरण गर्छन् जुन उनीहरूको बिदआतमा समर्थन गर्दैनन् ।

र यो कुरो अति आश्चर्यजनक छ कि यस्ता प्रकारका मान्छेहरू यो भन्छन् कि हामी अल्लाह र अल्लाहका रसूल सल्लल्लाहो अलैहे वसल्लमको आदर सम्मान गर्दछौं, तर जब उनीहरूले अल्लाहको धर्ममा र रसूल सल्लल्लाहो अलैहे वसल्लमको पद्धति विरुद्ध कुनै बिदअत अविष्कृत गर्छन त वास्तवमा उनी अल्लाह र रसूलको अतिक्रमणकारी ठहर हुन्छन् । जस्तोकि अल्लाहको फर्मान छ :

﴿ يَٰٓأَيُّهَا ٱلَّذِينَ ءَامَنُواْ لَا تُقَدِّمُواْ بَيۡنَ يَدَيِ ٱللَّهِ وَرَسُولِهِۦۖ وَٱتَّقُواْ ٱللَّهَۚ إِنَّ ٱللَّهَ سَمِيعٌ عَلِيمٞ ١ ﴾ الحجرات: ١

अर्थ : हे मोमिनहरू ! (धर्मको बारेमा) अल्लाह र उसका रसूल भन्दा अगाडि नबढ्नु र अल्लाहसित डर मानी राख । निश्चय नै अल्लाह सुन्दछन्, जान्दछन् । ( सूरतुल् हुजुरात १ )

हे भाइ ! म तपाईहरूलाई अल्लाहको शपथ र वास्ता दिएर यो प्रश्न गर्दछु र तपाईहरूसित यो चाहन्छु कि तपाईको उत्तर तपाईको अन्तरात्माबाट पूर्ण निष्ठाको साथ दिइयोस् नकि भावनात्मक भएर, र तपाईको उत्तर तपाईको धर्म अनुकूल पनि होस् नाकि तपाईको अन्धविश्वास अनुकूल । तपाई ती व्यक्तिहरूको बारेमा के भन्नुहुन्छ जुन अल्लाहको धर्ममा यस्तो कुरो अविष्कृत गर्छन् जुन त्यसमा छैन ? अब त्यो बिदअत चाहे अल्लाहको अस्तित्वको बारेमा होस् वा त्यसका नाम एवं विशेषताहरूको बारेमा, वा रसूल सल्लल्लाहो अलैहे वसल्लमको व्यक्तित्वको बारेमा, अनि भन्छन् कि हामी नै अल्लाह र त्यसका रसूल र सन्देष्टाको महानता वर्णन गर्नेवाला हौं उनीको आदर सम्मान गर्नेवाला हौं ? के तपाईको दृष्टिमा वास्तवमा यिनी अल्लाह र रसूल सल्लल्लाहो अलैहे वसल्लमको आदर र सम्मान गरिरहेका छन् ? वा ती मान्छेहरू सम्मान गर्दछन् जुन अल्लाहको धर्ममा कमिलाको पाइला बराबर अर्थात एक कण बराबर पनि यता उता गर्दैनन् र यो भन्दै रहन्छन् कि जुन अल्लाहको धर्ममा छ त्यसमाथि हामीले विश्वास गऱ्यौं र त्यसमाथि हाम्रो आस्था छ, र अल्लाह र अल्लाहको रसूलले जस

कुराको आदेश गरे त्यसलाई मानिहाल्यौं, र जसबाट रोक लगाए त्यसबाट पन्छिहाल्यौं, र जुन अल्लाहको धर्ममा छैन त्यसबाट हामी मुख फर्कायौं, र हामीलाई यो कदापि उचित छैन कि हामी त्यो कुरा भनौं वा गरौं जसलाई गर्ने आदेश अल्लाह र अल्लाहको रसूल सल्लल्लाहो अलैहे वसल्लमले दिएका छैनन् नत त्यसलाई भनेका छन् ?

त पताई नै भन्नुस् कि दुवै मध्ये कुन चाहिँ अल्लाह र अल्लाहका रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई प्रेम गर्नेवाला र आदर सम्मान गर्नेवाला छ ?

यसमा कुनै सन्देह छैन कि जुन समूहले यो भन्यो कि हामी आस्था राखें र विश्वास गरें ती समस्त कुराहरूमाथि जुन अल्लाहको धर्ममा वर्णित छन् र जसको अल्लाह र अल्लाहका रसूल सल्लल्लाहो अलैहे वसल्लमले आदेश गरेका छन्, र हामी ती समस्त कुराहरूबाट रुकें जसबाट अल्लाह र अल्लाहका सन्देष्टाले रोकेका छन् वा जुन अल्लाहको धर्ममा छैन, र भन्छन् कि हामीलाई यो कदापि उचित छैन कि हामी अल्लाहमाथि दोषारोपण गरौं, र त्यो कुरा भनौं जुन अल्लाहले भनेको छैन । त वास्तवमा यिनै ती मानिसहरू हुन् जसले आफ्नो व्यक्तितवको वास्तविकतालाई जाने, र आफ्नो श्रेणीलाई जाने, र यिनै ती मानिसहरू हुन् जुन वास्तवमा अल्लाह र अल्लाहका रसूलको आदर र सम्मान गरे, र अल्लाह र रसूलबाट वास्तवमा प्रेम गरे, र त्यसलाई आफ्नो कर्मद्वारा सत्यताको साथ प्रकट पनि गरे ।

नकि ती मानिसहरू जुन अल्लाहको धर्ममा नौलो कुराहरूलाई अविष्कृत गर्छन् जुन कुराहरू त्यसमध्येबाट होइनन् नत आस्थाको बारेमा नत कुरा र कार्यको सम्बन्धमा । र तपाई यस्ता मान्छेहरूमाथि आश्चर्य गर्नुहुन्छ जुन रसूल सल्लल्लाहो अलैहे वसल्लमको यस कथनको ज्ञानी पनि हुन्छन् :

"إياكم ومحدثات الأمور فإن كل محدثة بدعة وكل بدعة ضلالة وكل ضلالة في النار"

(أخرجه الإمام محمد 17274 و17275 وأبو داوود كتاب السنة باب في لزوم السنة 4607 والترمذي أبواب العلم باب ما جاء بالأخذ بالسنة واجتناب البدعة 2676 وابن ماجه كتاب السنة باب اتباع سنة الخلفاء الراشدين المهديين 42 وقال الترمذي حديث حسن صحيح وصححه الحاكم 95/1 ووافقه الذهبي وليس عندهم: (وكل ضلالة في النار)

अर्थ : यस धर्ममा नौलो कुरा अविष्कृत गर्नुबाट सावधान रहनु किनकि प्रत्येक नौलो अविष्कृत कुरा बिदअत हो, र प्रत्येक बिदअत पथभ्रष्टता हो, र प्रत्येक पथभ्रष्टता नर्कसम्म लैजान्छ । ( यस हदीसलाई इमाम मुहम्मदले १७२७४ र १७२७५ नम्बरको हदीसमा वर्णन गर्नु भएको छ, र अबू दाऊदले किताबुस्सुन्नहमा हदीस नं. ४६०७ अन्तर्गत वर्णन गर्नु भएको छ, र इमाम तिर्मिजीले अबवाबुल् इल्ममा बाबु माजाअ् बिल् अख्जे बिस्सुन्नह वइजतेनाबिल् बिदअह अन्तर्गत हदीस नं. २७६७ मा वर्णन गर्नु भएको छ, र इब्ने माजाले किताबुस्सुन्नह अध्याय इत्तिबाओ सुन्नतुल् खुलफाइर्राशेदीनल् महदीईन अन्तर्गत हदीस नं. ४२ मा वर्णन गर्नु भएको छ, र यसलाई इमाम तिर्मिजीले विश्वासनीय र सही भन्नु भएको छ, र हाकिमले पनि १/९५ मा यसलाई सही भन्नु भएको छ र उनको यस कथनमा जहबी पनि समर्थन गर्दछन् तर यिनीको हदीसमा (प्रत्येक पथभ्रष्टता नर्कसम्म लैजान्छ) वाक्य वर्णित छैन )

र उनीहरू रसूल सल्लल्लाहो अलैहे वसल्लमको यो कथन (प्रत्येक बिदअत पथभ्रष्टता हो) को अर्थ पनि बुझ्दछन् कि यो अति व्यापक वाक्य हो, जुन धर्ममा अविष्कृत समस्त नौलो कुरालाई शामेल छ, र जसले यो कथन भनेका छन् अर्थात रसूल सल्लल्लाहो अलैहे वसल्लम उहाँलाई यसको अर्थ राम्ररी थाहा थियो किनकि उहाँ सल्लल्लाहो अलैहे वसल्लम यस संसारका सर्वोत्कृष्ट भाषाज्ञानी र विद् थिए, र समस्त सृष्टिको हितैषी पनि थिए, र उनी यस्तो कुनै कुरा भन्दैन्थे जसको अर्थ बुझ्दैन्थे । यसर्थ जब रसूल सल्लल्लाहो अलैहे वसल्लमले यो वाक्य (प्रत्येक बिदअत पथभ्रष्टता हो) भनेका थिए त उहाँ सल्लल्लाहो अलैहे वसल्लमलाई राम्ररी थाहा थियो कि उहाँ सल्लल्लाहो अलैहे वसल्लम के भनिराखेका छन् किनकि उनी त आफ्नो अनुयायीहरूका हितैषी र उपदेशक एवं सर्वथा दया थिए ।

त जब यी तीन कुराहरू पूर्णतया प्रष्ट भए अर्थात पूर्णतया उपदेश दिनु र पूर्णतया पुष्टिकरण गर्नु र सर्वोत्कृष्ट ज्ञानी र भाषाशैलीमा निपुण हुनु, त यो सबै यस कुरालाई प्रमाणित गर्छ कि के अब यस पश्चात पनि यो सोच्न र भन्न सकिन्छ र बिदअतलाई तीन थरीमा वा

पाँच थरीमा विभाजित गर्न सकिन्छ ? कदापि यस्तो गर्न सकिन्न नत यो सही नै छ। र जुन केही विद्हरूले यो दावी गरेका छन् कि बिदअत राम्रो पनि हुन्छ, त यो दावी दुई अवस्थाबाट रिक्त हुन्सक्दैन :

१- त्यो बिदअत होइन तर त्यसलाई गर्ने मान्छे त्यसलाई बिदअत बुझ्दछ ।

२- त्यो कार्य बिदअत नै हो, तर त्यसलाई गर्ने मान्छे त्यसको हानिबाट अवगत छैन ।

तसर्थ जुन सुकैले यो दावी गरोस् कि राम्रो बिदअत पनि छ, त त्यसको उत्तर उपरोक्तका कुराहरूद्वारा दिइन्छ, त बिदअतीहरू अआफ्ना बिदअतहरूलाई राम्रो सिद्ध गर्न सक्दैनन्, किनकि हाम्रो हातमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको यो तीव्र तरवार ( प्रत्येक बिदअत पथभ्रष्टता हो ) छ। र यो तीव्र तरवार दूतत्वको छायाँ मुनि रसूल सल्लल्लाहो अलैहे वसल्लमले तयार पारेका छन्, कुनै उद्योग र फ्याक्ट्रीमा तयार गरिएको होइन, त जसको हातमा रसूल सल्लल्लाहो अलैहे वसल्लमले बनाएको तीव्र तरवार होस् त्यससित कुनै बिदअत मुकाबिला गर्न सक्दैन, र यो कदापि सिद्ध गर्न सक्दैन कि बिदअत राम्रो पनि हुन्छ, जबकि रसूल सल्लल्लाहो अलैहे वसल्लम भनिराखेका छन् कि प्रत्येक बिदअत पथभ्रष्टता हो ।

तर मलाई यो पनि ज्ञात छ कि तपाईहरूको हृदयमा यो प्रश्न अवश्य सृजित हुन्छ कि तपाई आस्थावानहरूको नायक हजरत उमर रजिअल्लाहो अन्होको यस कथनको बारेमा के भन्नुहुन्छ जब उहाँले हजरत उबई बिन कअ्ब र तमीम अद्दारीलाई रमजानको महिनामा तरावीहको नमाज पढाउने आदेश गरेका थिए, कथा यस्तो छ कि एक दिन जब उहाँ रजिअल्लाहो अन्हो घरबाट निस्के त जब सबैलाई आफ्नो आदेश अनुसार ती दुवै इमामहरूको साथ सामूहिक तरिकाले तरावीहको नमाज पढदा हेरे त भन्नथाले :

" نعمت البدعة هذه والتي ينامون عنها أفضل من التي يقمون " (رواه البخاري كتاب صلاة التراويح باب فضل من قام رمضان 2010)

अर्थ : यो कस्तो राम्रो बिदअत हो, जुन मान्छेहरू यसमा शम्मिलित छन् सुत्नेहरू भन्दा श्रेष्ठ छन् । ( बुखारी किताबु सलातुत्तरावीह अध्याय फजलु मन् कामा रमजान हदीस नं. २०१० )

त यसको उत्तर दुई प्रकारले दिइएको छ :

पहिलो: कुनै व्यक्तिको लागि पनि यो वैध छैन कि त्यो अल्लाहका रसूल सल्लल्लाहो अलैहे वसल्लमको कुराको दाँजोमा कसैको पनि कुरा ल्याओस्, चाहे त्यो कुरा हजरत अबू बक्र रजिअल्लाहो अन्होको किन नहोस् जुन रसूल सल्लल्लाहो अलैहे वसल्लम पश्चात यस उम्मतका सर्वोत्कृष्ट मानिस हुन्, र नत हजरत उमर रजिअल्लाहो अन्होको कुरा जुन यस उम्मत (समूह) का दोस्रो सर्वोत्कृष्ट मान्छे हुन्, र नत हजरत उसमान रजिअल्लाहो अन्होको कुरा जुन यस उम्मतको तेस्रो सर्वोत्कृष्ट व्यक्ति हुन्, र नत हजरत अली रजिअल्लाहो अन्होको कुरो जुन यस उम्मतको चौथो सर्वोत्कृष्ट मानिस हुन्, नत यी महान पुरुषहरू बाहेक कसै अरुको कुरो उहाँ सल्लल्लाहो अलैहे वसल्लमको कुराको दाँजोमा ल्याउन सकिन्छ । जस्तोकि अल्लाहको फर्मान भनाई छ :

﴿ فَلْيَحْذَرِ ٱلَّذِينَ يُخَالِفُونَ عَنْ أَمْرِهِۦٓ أَن تُصِيبَهُمْ فِتْنَةٌ أَوْ يُصِيبَهُمْ عَذَابٌ أَلِيمٌ ﴿٦٣﴾ ﴾ النور: ٦٣

अर्थ : जसले उनको आदेशको अवहेलना गर्दछन्, उनीहरूलाई तर्सनु पर्छ कि कहीं यस्तो न होस्, कि उनीहरू माथि कुनै ठूलो विपत्ति आई परोस् अथवा उनीहरू माथि कुनै दु:खद् यातना आई लागोस् । ( सूरतुन्नूर ६३ )

र यस श्लोकको बारेमा इमाम अहमदको भनाई छ कि:

«أتدري ما الفتنة؟ الفتنة الشرك لعله إذا رد بعض قول النبي صلى الله عليه وسلّم أن يقع في قلبه شيء من الزيغ فيهلك». اهـ.

अर्थ: तिमीलाई थाहा छ कि यसमा वर्णित शब्द फित्नाको अर्थ के हो ? यस फित्नाको अर्थ शिर्क हो, किनकि यदि मान्छेले रसूल सल्लल्लाहो अलैहे वसल्लमको कुनै आदेशलाई आफ्नो पिठ्युँ पछाडि

फालिदिन्छ त त्यसको हृदयमा कुटिलता उत्पन्न भइहाल्छ र त्यो विनष्ट भइहाल्छ ।

र इब्ने अब्बासको भनाई छ :

«يوشك أن تنزل عليكم حجارة من السماء أقول قال رسول الله صلى الله عليه وسلّم وتقولون قال أبو بكر وعمر».

अर्थ : सम्भवता तिमीहरूमाथि आकाशबाट ढुंगाको वर्षा भइहालोस्, म भन्छु कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले यो भन्नु भएको छ त तिमीहरू भन्छौ कि हजरत अबू बक्र र उमर रजिअल्लाहो अन्हुमाले यो भनेका छन् ।

दोस्रो: हामीलाई यो राम्ररी ज्ञान छ कि आस्थावानहरूको नायक हजरत उमर बिन खत्ताब रजिअल्लाहो अन्हो अल्लाह र अल्लाहको रसूल सल्लल्लाहो अलैहे वसल्लमको कथन र निर्देशनहरूको सबैभन्दा धेरै सम्मान गर्नेवाला थिए, र उनी अल्लाहले निर्धारित गरेका सीमाहरू अन्तर्गत रहेर नै कार्य गर्नेवाला थिए, यहाँसम्म कि उनको बारेमा यो प्रसिद्ध र प्रख्यात थियो कि उहाँ रजिअल्लाहो अन्हो अल्लाहका निर्देशनहरूका अति पालना गर्नेवाला थिए र त्यसको निर्धारित सीमा भित्रै रहनेवाला थिए। जस्तोकि उहाँ रजिअल्लाहो अन्होको बारेमा एउटा प्रसिद्ध कथा वर्णित गरिन्छ (तर यस कथाको सत्यताबारे सन्देह छ ) र त्यो कथा यो हो कि एक दिन मुहर (मेहर) लाई रेखांकित र सीमांकित गर्ने इच्छा गरे र यसलाई कार्यन्वयनमा ल्याउन खोजे, त एउटी स्त्रीले उभेर अल्लाहको यस कथनको पाठन गरि :

﴿ وَكَيْفَ تَأْخُذُونَهُۥ وَقَدْ أَفْضَىٰ بَعْضُكُمْ إِلَىٰ بَعْضٍ وَأَخَذْنَ مِنكُم مِّيثَٰقًا غَلِيظًا ۝٢١ ﴾ النساء: ٢١

अर्थ : तिमी त्यसलाई कसरी लिने छौ ? यद्यपि तिमीहरूले एक अर्कालाई भेटिसकेका छौ र ती स्वास्नी मानिसहरूले तिमीबाट पूर्ण रूपले वाचा लिइसकेका छिन् । ( सूरतुन् निसा २१ )

अनि हजरत उमर आफ्नो यस निर्णयबाट अर्थात मेहरलाई सीमित गर्नुबाट रुकिहाले । तर यो कथा सत्य छ कि छैन यसबारेमा कुनै

स्पष्टीकरण छैन । तर यसलाई वर्णन गर्ने उद्देश्य र तात्पर्य यो हो कि हजरत उमर रजिअल्लाहो अन्हो अल्लाहले निर्धारित गरेका सीमाहरूको उल्लंघन र अतिक्रमण कदापि गर्दैन्थे । तसर्थ हजरत उमरको बारेमा यो सोच्नु एकदमै व्यर्थ छ कि उनी मानवताका सम्राट हजरत मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको निर्देशन विरुद्ध कुनै कार्य गरुन्, र कुनै नौलो कुरा अविष्कृत गरुन् अर्थात कुनै बिदअतलाई सृजित गरुन् र बिदअतलाई यो भनुन् कि यो कति राम्रो बिदअत हो, त्यसै बिदअतलाई जसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ कि (प्रत्येक बिदअत पथभ्रष्टता हो) । बरु जसलाई हजरत उमर रजिअल्लाहो अन्होले राम्रो बिदअत भन्नु भएको छ त्यसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले भनेका बिदअतको सीमाबाट बाहिर मान्नु पर्छ, किनकि हजरत उमर रजिअल्लाहो अन्होले जसलाई राम्रो बिदअत भन्नु भएको छ त्यो कुरो हो : मस्जिदमा एकलै एकलै नमाजे तरावीहलाई पढनेहरूलाई एक साथ सामूहिक तरिकाले एक इमाम पछाडि एकजुट गरेर नमाजको आयोजना गर्ने कुरा, र यस कार्यलाई रसूल सल्लल्लाहो अलैहे वसल्लम पहिला नै गरिसकेका थिए, किनकि बुखारी र मुस्लिमको हदीसमा वर्णित छ हजरत आइशा रजिअल्लाहो अन्हा वर्णन गर्नुहुन्छ कि :

أن النبي صلى الله عليه وسلّم قام في الناس ثلاث ليال وتأخر عنهم في الليلة الرابعة وقال: «إني خشيت أن تفرض عليكم فتعجزوا عنها» (رواه البخاري كتاب صلاة التراويح باب فضل من قام رمضان 2012 ومسلم كتاب صلاة المسافرين باب الترغيب في قيام رمضان وهو التراويح 761)

अर्थ : रसूल सल्लल्लाहो अलैहे वसल्लमले रमजानको महिनामा तीन रात्री मान्छेहरूलाई ( तरावीहको नमाज ) सामूहिक तरिकाले पढाउनु भयो, अनि चौथो रात्री यसलाई पढाउनको निम्ति आउनु भएन, र भन्नु भयो: मलाई यो भय छ कि यो तिमीहरूमाथि अनिवार्य नगरियोस् अनि तिमीहरू यसको आयोजन गर्नुबाट असमर्थ भइहाल । ( यस हदीसलाई इमाम बुखारीले किताबु सलातुत्तरावीहमा अध्याय फजलो मन कामा रमजानको हदीस नं. २०१२ मा वर्णन गर्नु भएको छ, र इमाम मुस्लिमले किताबु सलातुल् मुसाफेरीनमा अध्याय

अत्तरगीबो फि कियामे रमजान वहुवत्तरावीहको हदीस नं. ७६१ म वर्णन गर्नु भएको छ )

त रमजानमा तरावीहको नमाज सामूहिक तरिकाले पढनु रसूल सल्लल्लाहो अलैहे वसल्लमको सुन्नतबाट प्रमाणित छ, र यसलाई हजरत उमर रजिअल्लाहो अन्होले यस कारण विदअत भन्नु भयो कि जब रसूल सल्लल्लाहो अलैहे वसल्लमले यसलाई सामूहिक तरिकाले पढनुलाई त्यागे त मान्छेहरू विभाजित भएर पढन थालेका थिए, त कोही एकलै पढ्थ्यो त कोही दुई दुई र तीन तीन भएर पढन थालेका थिए त मस्जिदमा जब मान्छेहरूको यस्तो अवस्थालाई हजरत उमरले हेर्नु भयो त उहाँ रजिअल्लाहो अन्होले सबैलाई एउटै इमाम पछाडि एकजुट गरिदिए, त यसलाई मात्र मान्छेहरूको विभाजित भएर नमाज पढनुको कारण एकजुट गर्ने कार्यलाई नै बिदअत भनियो नत्र वास्तवमा यसलाई हजरत उमर रजिअल्लाहो अन्होले अविष्कृत गरेका होइनन्, बरु यसलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले पहिला नै आयोजित गरेका थिए, तर मान्छेहरूले यसलाई छाडिदिएका थिए, यहाँसम्म कि हजरत उमरको शासनकाल आयो अनि उहाँ रजिअल्लाहो अन्होले पुनः सबैलाई सामूहिक तरिकाले यसलाई आयोजित गर्ने आदेश गरे ।

त प्रष्ट यो भयो कि यसलाई प्रमाण बनाएर जिनको हृदयमा कुटिलता छ तिनी आफ्नो बिदअतहरूलाई सत्य र सही एवं राम्रो सिद्ध गर्न सक्दैनन् ।

तर कोही यो पनि भन्न सक्छ कि कतिपय यस्ता वस्तुहरू छन् जसलाई मुसलमानहरूले हामी भन्दा पहिला नै अविष्कृत गरेर प्रचलित गरिसकेका छन् जबकि त्यो रसूल सल्लल्लाहो अलैहे वसल्लमको युग र जीवनकालमा थिएन, जसरी मदर्सा बनाउनु, किताब लेख्नु ... आदि । र यस नौलो अविष्कृत कुराहरूलाई राम्रो ठाने, र यसलाई अति उत्तम मानेर प्रचलित पनि गरे । त तपाई यस कुरालाई जसमा लगभग समस्त मुसलमानहरूको सहमति छ र मुसलमानहरूको सर्वोत्कृष्ट इमाम र नायक मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको यस कथन : ( प्रत्येक बिदअत पथभ्रष्टता हो) बीच सहमति र एकिकरण कसरी गर्नुहुन्छ ?

उत्तर : हामी यसको यो उत्तर दिन्छौं कि वास्तवमा यो विदअत होइन, बरु यो राम्रो र जायज (वैध) कार्यतर्फ पुऱ्याउने माध्यम हो, र माध्यमहरूको हुकुम समय र स्थानको भिन्नताको कारण भिन्न हुन्छ, अर्थात कुनै ठाउँ वा समयमा कुनै माध्यम राम्रो मानिन्छ त सोही माध्यम कुनै आर्को समय र ठाउँमा राम्रो मानिन्न । र माध्यमहरूको लागि पनि आधार र कानूनहरू निर्धारित छन्, तसर्थ जायज र वैध कार्यको माध्यम राम्रो र वैध हुन्छ जबकि अवैध र नराम्रो कार्यका माध्यमहरू अवैध हुन्छन्, अर्थात हराम कार्यका माधयमहरू हराम नै हुन्छन् । र यस्तो राम्रो कार्य जुन बहुदेववादको माध्यम बनोस् त्यो पनि अवैध र हराम छ जसरी अल्लाहको फर्मान छ :

﴿ وَلَا تَسُبُّوا۟ ٱلَّذِينَ يَدۡعُونَ مِن دُونِ ٱللَّهِ فَيَسُبُّوا۟ ٱللَّهَ عَدۡوَۢا بِغَيۡرِ ﴾
الأنعام: ١٠٨

अर्थ : र जसलाई यी मुशिरकहरू अल्लाह बाहेक गुहार्छन् तिनीहरूलाई गाली नगर्नु किन भने त्यसो गरेमा यिनीहरू अज्ञानतामा अल्लाहलाई नराम्रो भन्ने छन् । (सूरतुल् अन्आम १०८)

त बहुदेववादीहरूको उपास्य र पूज्यहरूलाई गाली गर्नु राम्रो र हक कुरो हो कुनै अवैधानिक कुरो होइन, तर समस्त ब्रह्माण्डको प्रतिपालक अल्लाहलाई गाली गर्नु जघन्य अपराध हो । त जब बहुदेववादीहरूको पूज्यहरूलाई गाली गर्नु राम्रो कार्य हो तै पनि यसो गर्नाले महान र परम् पूज्य अल्लाहलाई गाली गर्ने माध्यम भइहाल्छ त यसैकारण बहुदेववादीका मिथ्या पूज्यहरूलाई पनि गाली गर्नुबाट मनाही गरियो र यस्तो गर्नुलाई हराम गरियो ।

त यो प्रमाण स्थगित भयो कि माध्यमहरू बिदअत र उद्देश्यहरूको हुकुममा छन् । तसर्थ किताब लेख्नु र मदर्सा बनाउनु यद्यपि रसूल सल्लल्लाहो अलैहे वसल्लमको युगमा थिएन तै पनि यो बिदअत होइन, बरु माध्यम हो, यसै कारण यदि कसैले कुनै मदर्सा स्कुल वर्जित र अवैध विद्याको पाठनको लागि बनाउँछ भने त यस्तो स्कूल र मदर्सा बनाउनु पनि हराम छ, तर यदि मदर्सा स्कुल र विद्यालय वैधानिक विद्याको पाठनको लागि बनाइएको छ भने यस्तो गर्नु जायज छ ।

तै पनि यदि कोही भन्छः कि तपाई रसूल सल्लल्लाहो अलैहे वसल्लमको यो कथनको उत्तर कसरी दिनुहुन्छ जसमा उहाँ सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ :

"من سن في الإسلام سنة حسنة فله أجرها وأجر من عمل بها إلى يوم القيامة" (رواه مسلم كتاب الزكاة باب الحث على الصدقة ولو بشق تمرة أو كلمة طيبة وأنها حجاب من النار 1017 )

अर्थ : जसले इस्लाममा कुनै राम्रो सुन्नत (पद्धति) अविष्कृत गऱ्यो त्यसलाई त्यसको पुण्य मिल्छ र प्रलय सम्म त्यसमा कार्यरत रहनेहरूको कार्यको पुण्य पनि । ( यस हदीसलाई इमाम मुस्लिमले किताबुज्जकातमा बाबुल् हस्से अलस्सदका वलौ बेशिक्के तम्रतिन अव कलेमतिन् तैयिबतिन् वअन्नहा हिजाबुम् मिनन्नार अन्तर्गत हदीस नं. १०१७ मा वर्णन गर्नु भएको छ )

र हदीसमा वर्णित शब्द “सन्न” को अर्थ “शरआ” हो, अर्थात विधान बनाउनु ?

त यसको जवाफ यो हो कि जसले ( من سن في الإسلام سنة حسنة ) भनेका छन् उहाँले नै ( كل بدعة ضلالة ) पनि भनेका छन्, त यो हुनै सक्दैन कि यस्तो सत्यवान मान्छेको एउटा कुरा आर्काको विरोधि होस्, वा उहाँ सल्लल्लाहो अलैहे वसल्लमको कुनै कुरा आर्को कुरालाई असत्य ठहर गरोस्, र यो कदापि हुनैसक्दैन कि उहाँ सल्लल्लाहो अलैहे वसल्लमका कुराहरू एकआर्काका विरुद्ध होउन् । त जसले यो सोच्यो कि अल्लाह र अल्लाहका रसूल सल्लल्लाहो अलैहे वसल्लमका कुराहरू एकआर्का विरुद्ध छन् त त्यो आफ्नो विचारमाथि पुनः विचार गरोस्, किनकि यो सोचाई र विचार कदाचित त्यसको अनुभव र ज्ञानको कमीको कारण हुन्सक्छ वा त्यसको आफ्नै सोचाईको अशुद्धिको कारण । त यो कदापि हुनैसक्दै कि अल्लाहको वाणीमा वा रसूल सल्लल्लाहो अलैहे वसल्लमको वाणीमा कुनै प्रकारको विरोध होस् ।

त दुवै हदीस ( من سن في الإسلام سنة حسنة ) र ( كل بدعة ضلالة ) को अर्थ यो होः कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भएको छ कि जसले इस्लाममा कुनै सुन्नतको अविष्कार गरोस् त्यसको लागि पुण्य

छ, त तपाईलाई यो ज्ञात नै छ कि बिदअत इस्लाम मध्येको होइन, यस्तै त्यसलाइ अर्थात सुन्नतलाई रसूल सल्लल्लाहो अलैहे वसल्लमले राम्रो पनि भनेका छन्, तर बिदअत राम्रो हुँदैन । त प्रष्ट यो भयो कि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले सुन्नत र बिदअतमा विभाजन गर्नु भएको छ ।

र यसको आर्को उचित उत्तर पनि छ कि ( من سن في الإسلام سنة حسنة ) को अर्थ हो: जसले कुनै मृतक अर्थात छाडिएको सुन्नतलाई जीवित गर्छ अर्थात कार्यन्वयन गर्छ त यहाँ अविष्कृत गर्नुको अर्थ भयो छाडिएको सुन्नतलाई कार्यन्वयनमा ल्याउनु ।

र यसको तेस्रो उत्तर पनि छ जसतर्फ यस हदीसको कोन्टेनस अर्थात घटित हुने अवस्था संकेत गर्छ, र त्यो हो ती मान्छेहरूको कथा जुन रसूल सल्लल्लाहो अलैहे वसल्लम समक्ष अति दयनीय अवस्थामा आएका थिए, त रसूल सल्लल्लाहो अलैहे वसल्लमले सबैसित उनीहरूको लागि दान गर्ने आग्रह गरेका थिए, अनि अन्सारीहरू मध्ये एउटा मान्छे एउटा थैलीमा यति चाँदीको रुपैयाँ लिएर आएको थियो जसको हात त्यस चाँदीको भारी बोक्नुबाट असमर्थ देखिन्थ्यो अनि त्यसले त्यस थैलीलाई ल्याएर रसूल सल्लल्लाहो अलैहे वसल्लम समक्ष राखेको थियो अनि रसूल सल्लल्लाहो अलैहे वसल्लमको अनुहार यस्तो सहासको कार्यलाई हेरेर प्रसन्नताले प्रकाशित भइहालेको थियो अनि उहाँ सल्लल्लाहो अलैहे वसल्लमले त्यसै समय भनेका थिए :

"من سن في الإسلام سنة حسنة فله أجرها وأجر من عمل بها إلى يوم القيامة"

अर्थ : जसले इस्लाममा कुनै राम्रो सुन्नत (पद्धति) अविष्कृत गऱ्यो त्यसलाई त्यसको पुण्य मिल्छ र प्रलय सम्म त्यसमा कार्यरत रहनेहरूको कार्यको पुण्य पनि ।

त यस कथाबाट यो प्रष्ट हुन्छ कि यस हदीसमा जुन “सन्न” शब्द छ त्यसको अर्थ हो: निर्देशनलाई कार्यन्वयनमा लयाउनु, नकि कुनै नौलो कुरोलाई अविष्कृत गर्नु, किनकि दान गर्ने परम्परा र आदेश पहिलादेखि नै प्रचलित थियो । त प्रष्ट यो भयो कि इस्लाममा कुनै नौलो कुरो अविष्कृत गर्नु वर्जित छ ।

र हे भाइ ! अल्लाह रसूलको अनुशरण तबसम्म पूर्ण हुँदैन जबसम्म मान्छेको कार्य अथवा कर्म ६ वटा कुराहरूमा इस्लामीय विधान अनुकूल नहोस् जसलाई निम्नमा वर्णन गरिन्छ :

**पहिलो:** कारण: जब कुनै मान्छे कुनै कारण अल्लाहको पूजा अर्चना गर्दछ त यदि त्यो कारण वैधानिक छैन भने त्यसको यो कार्य अस्वीकृत बिदअत हो, जसलाई त्यसबाट कबूल गरिन्न । र यसको उदाहरण हो: केही मान्छेहरू रजबको महिनामा (अरबी संवतको सातौं महिना) को २७ रात्रीमा विशेषरुपले पूजा अर्चना गर्छन्, र कारण यो बताउँछन् कि यो त्यो रात्री हो जस रात्रीमा रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई सातौं आकाशको भ्रमण गराइयो यसलेगर्दा यस रात्रीमा नमाज कायम गर्नु पूजा अर्चना गर्नु वैधानिक छ । तर यो प्रमाणित नै छैन कि यसै रात्रीमा रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई भ्रमण गराइयो । र आर्को कुरो के छ भने यो पूजा अर्चना र रात्रीमा तहज्जुदको नमाज कायम गर्नु जायज छ तर जब यो पूजा कुनै अप्रमाणित कारणसित संलग्न भयो त हराम भयो किनकि यसलाई यस्तो कारणसित संलग्न गरियो जुन प्रमाणित छैन, त यस्तो तरिकाले यस समयमा विशेषरूपले पूजा अर्चना गर्नु प्रमाणित छैन तसर्थ यस रात्रीमा यस्तो प्रकारले पूजा गर्नु अवैधानिक भयो त्यसको अवैधानिक माध्यम र कारणले गर्दा । त यस जस्ता अधिकांश पूजाहरू यस्तै निराधार कारणहरूसित संलग्न गरेर गरिन्छ, र यो ठानिन्छ कि यो सुन्नत हो जबकि त्यो बिदअत हो, सुन्नत होइन ।

**दोस्रो:** थरी: त यो आवश्यक छ कि पूजा त्यस थरीको होस् जुन जायज छ, यदि यस्तो छैन भने त्यो बिदअत हो, र त्यो पूजा अस्वीकृत छ । र यसको उदाहरण हो: घोडाको बलि (कुर्बानी) गर्नु, त जसले पनि घोडाको कुर्बानी गर्छ त्यसको कुर्बानी सही हुँदैन किनकि कुर्बानीको जनावर ऊँट, गाई, र बाख्रा मध्येको हुनुपर्छ । अर्थात यस तीन थरी बाहेक कुनै जनावरको कुर्बानी जायज छैन ।

**तेस्रो:** मात्रा: त यदि मान्छे नमाजमा वृद्धि गर्न खोजोस् यस विचारले कि नमाज कायम गर्नु अनिवार्य कार्य हो । त यस्तो गर्ने मान्छेसित हामी भन्छौं कि यसमा वृद्धि गर्नु अस्वीकृत छ किनकि त्यसले

इस्लामीय विधानले निर्धारित गरेको मात्रामा वृद्धि गरेको छ, यसर्थ यदि कोही जुहरको नमाज पाँच रक्अत पढोस् भने समस्त इस्लामीय विद्हरूको सर्वसहमतिको साथ त्यसको यो नमाज दुरुस्त छैन ।

**चौथो:** कार्य गर्ने शैली र अवस्था : त यदि मान्छे वजू गर्दाखेरि पहिला पाइलालाई धोओस्, अनि टाउकोको मसह (पानीले दुवै हात भिजाएर स्पर्श गर्नुलाई मसह भनिन्छ) गरोस्, अनि दुवै हात पखालोस्, अनि अनुहार धोओस् । त हामी भन्छौं कि तिम्रो वजू अशुद्ध छ दुरुस्त छैन, किनकि तिमीले इस्लामीय विधानले तोकेको तरिकाको उल्लंघन गऱ्यौ, र तिमीले गरेको वजू इस्लामीय विधानले निर्धारित गरेको शैलीको विरोधि छ ।

**पाँचौं:** समय: त यदि कुनै मान्छेले जिल् हिज्जा (अरबी संवतको अन्तिम महिना) महिनाको पहिलो तारिखको दिन नै कुर्बानी गरिहालोस् भने त्यसको कुर्बानी अमान्य छ, किनकि त्यसले समयको बारेमा इस्लामीय विधानको विरोध गऱ्यो । र मैले यो पनि सुनेको छु कि केही मानिसहरू रमजानको महिनामा पनि अल्लाहको निकट्ता प्राप्तिको लागि र त्यसको प्रसन्नता पाउने उद्देश्यले कुर्बानी गर्छन्, तर यो कार्य यस्तो अवस्था र समयमा बिदअत ठहर हुन्छ, किनकि बलि र कुर्बानीद्वारा अल्लाहको प्रसन्नता र निकट्ता प्राप्तिका मात्र तीन समय र अवसरहरू छन्: ईदुल् अज्हा अर्थात बकरीदको दिन बलि गरेर, हाजीको लागि १० जिलहिज्जाको दिन हज्जको बलि गरेर, र शिशु जन्मेको अवसरमा त्यसको जन्मको सातौं दिन त्यसको अकीकाको बलि गरेर । र रह्यो कुरो रमजानको महिनामा यो नीयतले बलि गर्नु कि त्यसको पुण्य कुर्बानीको पुण्य सरह मिल्छ, त यो सही छैन बरु यो बिदअत भयो । तर यदि मासु खानुको लागि जनावर जब्ह गरिन्छ भने कुनै आपत्ति छैन, यो वैधानिक कार्य हो ।

**छठौं:** स्थान : त यदि कुनै मान्छेले मस्जिद बाहेक कुनै अरु ठाउँमा एतकाफ बस्छ भने त्यसको एतकाफ अशुद्ध छ सही छैन, किनकि एतकाफ बस्नुको लागि यो अनिवार्य छ कि मस्जिदमा बसियोस्, तसर्थ यदि कुनै महिला यो भनोस् कि म चाहनछु कि आफ्नो घरको नमाज पढने ठाउँमा एतकाफ बसूँ त त्यसको यो एतकाफ सही हुँदैन स्थानको

बारेमा इस्लामीय विधानको उल्लंघन गर्नुको कारण । र यसको उदाहरण यो हो कि: यदि कुनै मान्छे यो चाहोस् कि त्यो कअ्बा ( बैतुल्लाह) को परिक्रमा गरोस् (तवाफ गरोस्), अनि त्यसले के हेर्छ कि मताफमा (तवाफ गर्ने स्थानमा) निकै हूल र भीड छ, अनि त्यो मस्जिद (मस्जिदे हराम) को बाहिरतिरबाट परिक्रमा गरोस्, भने त्यसको यो तवाफ सही हुँदैन, किनकि परिक्रमा गर्ने ठाउँ मताफ हो । जस्तोकि अल्लाहले हजरत इब्राहीम खलील अलैहिस्सलामलाई आदेश दिदै भनेको छ :

﴿ وَطَهِّرۡ بَيۡتِيَ لِلطَّآئِفِينَ وَٱلۡقَآئِمِينَ وَٱلرُّكَّعِ ٱلسُّجُودِ ٢٦ ﴾

﴿ الحج: ٢٦

अर्थ : मेरो घरलाई तवाफ (परिक्रमा) गर्ने, उपासना गर्ने नमाज पढ्ने (रुकूअ् र सिज्दा गर्नेहरू) हरूको निम्ति पवित्र राख । ( सूरतुल् हज्ज २६ )

तसर्थ कुनै पनि पूजा अर्चना तबसम्म सुकर्म घोषित हुँदैन जबसमम त्यसमा निम्नका दुई शर्त पाइंदैन :

**पहिलो:** इख्लास अर्थात शुद्धता ।

**दोस्रो:** अनुशरण ।

र अनुशरण तबसम्म पूर्ण हुँदैन जबसम्म त्यसमा उपरोक्तमा वर्णित ६ वटै कुराहरू नपाइयोस् ।

त म ती मानिसहरूसित भन्न चाहन्छु जुन मानिसहरू सम्भवता बिदअतहरूलाई राम्रो उद्देश्यले गर्न खोज्दछन् : कि अल्लाहको शपथ यदि तिमीहरू वास्तवमा भलाई र पुण्यका अभिलाषी छौ भने यादराख ! कि हाम्रा सुमार्गीय पूर्वजहरूको पद्धति नै भलाई र पुण्यको मार्ग र पद्धति हो जिनबाट अल्लाह प्रसन्न भयो ।

हे भाइहरू हो ! रसूल सल्लल्लाहो अलैहे वसल्लमको सुन्नतलाई पूर्ण शक्ति र बलपूर्वक समातिहाल, र सुमार्गी र सदाचारी पूर्वजहरूको (सलफे सालेहीन) को पद्धतिमाथि हिंड्ने प्रयत्न गर, र त्यो कार्य नै गर जसलाई उहाँहरूले गरे । त के यस्तो गर्नुले तिमीलाई कुनै हानि वा कष्ट पुऱ्याउँछर ?

र मेरो भनाई छ कि अल्लाहको श्रृण चाहन्छु त्यो कुरो भन्नाले जसको मलाई ज्ञान छैन । र म भन्दछु कि : तिमी ती मानिसहरूलाई हेर्नुहुन्छ जुन बिदअत गर्नुमा उत्तेजित हुन्छन् उनी सुन्नतको कार्य र इस्लामीय विधानद्वारा प्रमाणित कुराहरूलाई आफ्नो पिठ्युँ पछाडि फालेका हुन्छन्, र जब आफ्नो बिदअतको कार्यलाई सम्पन्न गरिहाल्छन् त सुन्नतद्वारा प्रमाणित कुराहरूमा विकार निकाल्दछन्, र त्यसलाई स्वीकार गर्नुमा कुटिलता देखाउँछन् । र यी समस्त कुराहरू हृदयमाथि बिदअतको हानिकारक प्रभावको कारण हुन्छ, र धर्ममाथि बिदअतको विशाल् प्रभावको कारण पनि यस्तो गरिन्छ ।

यसर्थ बिदअतको हानिकारकता धर्ममाथि अति भयानक छ, र जुन समुदाय पनि आफ्नो धर्ममा कुनै बिदअत अविष्कृत गर्छ त त्यसको मुकाबिलामा कुनै नकुनै सुन्नत र प्रमाणित कुरा र निर्देशनलाई अस्वीकृत गरिदिन्छ, र त्यसलाई आफ्नो पिठ्युँ पछाडि फालिदिन्छ, वा यसभन्दा अधिक घातक परिणमहरू पनि उत्पन्न हुन्छन् जस्तो कि सुमार्गीय विद् र पूर्वजहरूले त्यसतर्फ अआफ्ना कथनहरूमा संकेत गरेका छन् ।

तर जब मनुष्य यो आभास गर्छ कि त्यो अनुशरणकारी हो कुनै कुरालाई वैधानिक गर्नेवाला होइन, त यस कुराद्वारा त्यसलाई पूर्ण संतुष्टि शुद्धता र नतमस्तक भएर समस्त ब्रहमाण्डको स्वामीको पूजा आराधनामा सहायता प्राप्त हुन्छ, र त्यो इमामुल अम्बिया ( सन्देष्टाहरूको नायक) र समस्त आस्थावानहरूको नायक र अल्लाहको प्रियतम् सनदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण गर्छ ।

म आफ्ना ती समस्त मुसलमान भाइहरूलाई उपदेश दिदैछु जुन बिदअतलाई राम्रो ठानेका छन् चाहे त्यो बिदअत अल्लाहको अस्तित्वसित संलग्न होस् वा त्यसका राम्रा राम्रा नाम र विशेषताहरूसित संलग्न होस् वा रसूल सल्लल्लाहो अलैहे वसल्लमको व्यक्तित्वसित संलग्न होस्, वा कुनै अरु कुरासित, कि उनीहरू यसबारेमा अल्लाहसित डरुन् र यसलाई छाडिदिउन् र आफ्ना समस्त कार्य र क्रियाकलापहरूमा अल्लाह र अल्लाहका सन्देष्टाको अनुशरण

गरुन् नकि उहाँहरूको विरोध गरी बिदअत गरुन्, र अल्लाहको लागि नीयतलाई शुद्ध गरी कर्म गरुन्, नकि बहुदेववाद गरेर, र सुन्नत बमोजिम कार्य गरुन् नकि बिदअत बमोजिम, र त्यो कार्य गरुन् जुन अल्लाहलाई प्रसन्न गरोस् नकि त्यो कार्य जसबाट शैतान प्रसन्न होस् । अनि हेरुन् कि उनीहरूको हृदय कसरी सोझो र संतुष्ट भइहाल्छ, र त्यसलाई कसरी सुगम्ता र प्रसन्नता प्राप्त हुन्छ, र तिनका समस्त समस्याहरू र अवस्थाहरू कसरी प्रकाशमान र सुखमय भइहाल्छन् ।

र अन्तमा महान र पवित्र अल्लाहसित यो याचना र प्रार्थना गर्दछु कि अल्लाह हामी सबैलाई पथप्रर्दशित बनाइदेओस्, र हामीहरूलाई पथप्रर्दशितहरूको नायक बनाइदेओस्, र हाम्रा हृदयहरूलाई आस्था र ज्ञानको प्रकाशबाट प्रकाशित गरिदेओस्, र हामीले जुन ज्ञान ग्रहण गरेका छौं त्यसलाई हाम्रो लागि हानिकारक नबनाइकन् लाभदायक बनाइदेओस्, र हामीलाई आस्थावानहको पद्धतिमाथि हिंड्ने सौभाग्य प्रदान गरिदेओस्, र हामीलाई आफ्नो मित्रहरू र सफलता पाउनेहरू मध्येको बनाइदेओस् ।

( आमीन )

र अल्लाहको प्रशान्ति अवतरित होस् हाम्रो प्रियतम् सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि, र उहाँको घरपरिवार र सन्तानहरूमाथि, र उहाँका सुमार्गीय साथीहरूमाथि र समस्त अनुयायी र अनुशरणकारीहरूमाथि ।

**समाप्त**

**अनुवादक**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा**
**तौलिहवा कपिलवस्तु (नेपाल)**

email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१९४३७७५८**
**सउदी मो. न. ००९६६५०१३७२२५४**

# विषय सूची


| م | العنوان | الصفحة |
|---|---|---|
| 1 | अनुवादकको भनाई | **3** |
| 2 | मूल किताब | **4-30** |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |